# बेलका नगरपालिका

# नीति,बजेट तथा कार्यक्रम पुस्तिका

# ( आ.ब. २०८०-२०८१ )

बेलका नगरपालिका

रामपुर,उदयपुर

कोशी प्रदेश,नेपाल

# दुई शब्द



कोशी प्रदेश अन्तर्गत उदयपुर जिल्लामा पर्ने बेलका नगरपालिकाको नगर सभाको बाह्रौं अधिबेशनबाट पारित आर्थिक बर्ष २०८०/२०८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट सहितको पुस्तक प्रकाशन गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।

बेलका नगरपालिकाको अर्थतन्त्रलाई चलायमान बनाउन यो नीति तथा कार्यक्रम र बजेटले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने बिश्वास समेत मैले लिइको छु ।

बार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने क्रममा नगरमा क्रियाशिल राजनितिक दल, बिषयगत कार्यालयहरु,गैह्र सरकारी संस्था, नागरीक समाज तथा वडा कार्यालयबाट प्राप्त सुझावलाई समेत समेटि यो बार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गरी पुस्तक प्रकाशन गर्न लागिएको छ ।

अन्त्यमा, नगरलको बार्षिक नीति तथा कार्यक्रम र बजेटको पुस्तिका तयार गर्न सहयोग गर्नु हुने नगरबासी सम्पूर्ण महानुभावहरु, जनप्रतिनिधिहरु, राजनितिकदल, नगरपालिका कर्मचारी र यस कार्यमा रचनात्मक सुझाब र सहयोग दिनु हुने सम्पूर्ण नगरबासीहरुमा धन्यबाद सहित हार्दिक आभार प्रकट गर्दछु ।यस पुस्तिकामा भएका योजना तथा कार्यक्रमको सार्थक कार्यान्वयन भएमा हामीले तर्जुमा गरेका योजना तथा कार्यक्रमको महत्व अझ उजागर हुनेछ ।योजना तथा कार्यक्रमहरुको सार्थक र गुणस्तरयुक्त कार्यान्वयनको अपेक्षा समेत गरेको छु ।

धन्यबाद !

नगर प्रमुख

अशोक कार्की

# दुई शब्द



नेपालको संबिधानल, २०७२ ले परिकल्पना गरे अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्थाको स्थानीय सरकारको रुपमा बेलका नगरपालिकाको नगर सभाको बाह्रौं अधिबेशनमा उप-प्रमुखको भूमिकामा रही आर्थिक वर्ष २०८०/२०८१ को बार्षिक बजेट,नीति तथा कार्यक्रम सहितको पुस्तक प्रकाशन गर्न पाउँदा मलाई खुसी लागेको छ।

स्थानीय तह सदस्यको प्रथम निर्वाचनम पश्चात् निर्वाचित जनप्रतिनिधिहरुको १ कार्यकाल (५ बर्ष) मा स्थापित आधारलाई टेकेर विकासका क्रियाकलापहरु अगाडी बढाउन यो बजेट तथा कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास मैले लिएको छु।

नीति तथा कार्यक्रम र बजेट तयार गर्ने क्रममा यस नगरपालिकामा क्रियाशिल राजनितिक दल, बिषयगत कार्यालयहरु, बिभिन्न संघ, संस्था,नागरिक समाज तथा वडा कार्यालयहरुबाट प्राप्त सुझाबलाई मनन गरी नीति,कार्क्रम तथा बजेटको पुस्तक प्रकाशन गर्न लागिएको छ ।

अन्त्यमा, यस नगरपालिकाको बार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने आदरणीय नगरवासी महानुभावहरु, जनप्रतिनिधिज्यूहरु, राजनितिक दल नगरपालिकामा अनवरत रुपमा खटिने कर्मचारीहरु र यस कार्यमा रचनात्मक सुझाब र सहयोग दिनु हुने सम्पूर्ण व्यक्तित्वहरुमा धन्यबाद सहित हृदयदेखिनै हार्दिक आभार प्रकट गर्दछु । यस पुस्तिकामा भएका योजना तथा कार्यक्रमहरु कार्यतालिका अनुरुप समयमै सम्पन्न गर्न सकेमा नगरपालिकाले लिएको लक्ष्य हासिल हुन्छ भन्ने विश्वास लिएको छु।

धन्यबाद !

जिरा राई

नगर उप प्रमुख

# शुभकामना मन्तव्य



बेलका नगरपालिकाको नगर सभाको बाह्रौं अधिबेशनमा उपस्थित भई प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा काम गरी सफलतापूर्वक सम्पन्न गर्न सबै जनप्रतिनिधिज्यूहरु र मेरा कर्मचारी साथिहरु प्रति धन्यबाद ब्यक्त गर्दछु ।

सामाजिक र आर्थिक उत्थान तथा बिकासमा नगरपालिकाले तय गरेका बिकासका प्रयासहरुलाई नीतिगत रुपमै सम्बोधन गर्दै कार्यक्रमगत लक्ष्य तोकी समसामयिक परिस्थिति अनुसार श्रोत साधनको कुशल ब्यबस्थापन गर्दै विकासमा सामुदायिक अपनत्व हासिल गर्दै दिगो विकास स्थानीयकरण हुने छ भन्नेमा मा विश्वस्त छु।

अनेक चुनौति, बिकासको लागि चाहिने श्रोत साधनको अभावको बाबजुद श्रोत साधनको उपयोगमा प्राथमिकिकरण गर्न नगरपालिकाले कोशिस गरिरहेको छ ।नेपाल सरकार, कोशि प्रदेश सरकारको नीति तथा कार्यक्रम, अन्तराष्ट्रिय प्रतिबद्वाहरु, प्रचलित कानूनहरु, दीगो बिकासका लक्ष्य/नीतिहरु, नागरिक समाजका प्रबुद्व बर्गहरुको राय र स्थानियबासीको चाहनालाई समेटेर नगरपालिका विकासको गतिमा अगाडी बढ्ने प्रयास गरिएको छ। आर्थिक सूचकलाई सवालिकृत गरी नगरमा रहेको श्रोत साधनको समुचित व्यवस्थापन तथा परिचालनद्वारा सामाजिक आर्थिक स्थायित्व प्रदान गर्न मानवीय व्यवहार परिवर्तनमा जोड दिंदै व्यवसाय उन्मुख जीविकोपार्जनद्वारा नगरीको आय-स्तरमा बढोत्तरी ल्याउने ध्ययका साथ नीति कार्यक्रमलाई विनियोजित बजेटको परिधि भित्र रही कार्यान्वयनमा लैजाने र ईमान्दारीपूर्वक कार्यसम्पादन क्यालेण्डर र समयसिमा भित्र कार्यान्वय गरी आर्थिक, प्रशासनिक सुशासन कायम गरिने प्रतिवद्वता व्यक्त गर्दछु ।

रमेश गौतम

प्रमुख प्रशासकीय अधिकृत